# धन्यवाद

*मिडियाको चिरफारः केही सामाजिक सन्दर्भ* अनुसन्धानमूलक लेखहरूको सङ्ग्रह हो । समयमै लेख तयार गरिदिने अनुसन्धाताहरूलाई विशेष धन्यवाद छ । पुस्तकको परिचय लेखिदिनु भएकोमा सहकर्मी डा. जगन्नाथ अधिकारीप्रति हामी आभारी छौं ।

मार्टिन चौतारी र सामाजिक विकास तथा अनुसन्धान केन्द्र (सीएसआरडी) का सबै साथीहरू, विशेषगरी शेखर पराजुली, शरद घिमिरे, भास्कर गौतम, कोमल भट्ट, देवराज हुमागाईं, कृष्ण अधिकारी र हर्षमान महर्जनबाट पुस्तक तयारीको अन्तिम चरणमा उल्लेख्य सहयोग प्राप्त भयो । टाइप सेटिङ गर्ने कैलाश राई, लेआउट गर्ने किशोर प्रधान, कभर डिजाइनर राजन काफ्ले र मुद्रण गर्ने मोडर्न प्रिन्टिङ प्रेसलाई धन्यवाद छ ।

पुस्तकमा परेका शरद घिमिरे र शेखर पराजुलीका लेख मार्टिन चौतारी र सीएसआरडीको वातावरणीय न्याय कार्यक्रमअन्तर्गत तयार गरिएका हुन् । ती अध्ययनका लागि आर्थिक सहयोग फोर्ड फाउण्डेशनले उपलब्ध गराएको हो । अबना वन्त र रमेश पराजुलीको अनुसन्धानमूलक लेख सीएसआरडीलाई डेनिश अन्तर्राष्ट्रिय विकास सहयोगको मानवअधिकार र असल शासन सल्लाह इकाइ (DANIDA\HUGOU) बाट प्राप्त अनुदान प्रयोग गरी तयार गरिएका हुन् । त्यसैगरी, पुस्तक सम्पादन र प्रकाशननिम्ति पनि उक्त संस्थाले नै सहयोग उपलब्ध गराएको हो । सहयोग गर्ने सबै संस्थालाई धन्यवाद दिन चाहन्छौं ।